१२४६/८४९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६२१/०७२/०७३

**निर्णय नं. ८४९**

काठमाडौं जिल्ला सितापाईला वडा नं. १ बस्ने सानु महर्जन.........................................१ पुनरावेदक

विरुद्ध

कार्यालय प्रमुख, नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौं ..................................१ विपक्षी

सूचना अधिकारी, नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौं...................................१

विषय : सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

काठमाडौं जिल्ला सितापाइला वडा नं. १ बस्ने वर्ष ६४ को सानु महर्जनले नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौंसँग सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराइपाऊँ भनी यस आयोग समक्ष मिति २०७२।१२।२१ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।१२।२४, च.नं. ११७२ को पत्रद्वारा सूचना उपलब्ध नगराउनुको कारण नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौंलाई लेखी गएको । तत् पश्चात् उक्त नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौंको मिति २०७३।०१।०६, च.नं. २९६ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई जानकारी गराइएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ ७ गते रोज ६ शुभम् ।